नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान

बुटवल, रुपन्देही

## नि:शुल्क आधारभुत सीपमूलक तालिम संचालन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०।५।१**

व्यावसायिक तथा शीप बिकास तालिम प्रतिष्ठान बुटवलबाट आ.व.०८०।०८१ मा संचालन गरिने देहाय अनुसारका आधारभुत सीपमूलक तालिम लिन इच्छुक नेपाली नागरिकहरुले हालसालै खिचिएको पासपोर्ट साइजको १ प्रति फोटो सहित तोकिएको आवेदन फाराम भरी यो सुचना प्रशाशित भएको मितिले १५ दिन भित्र यस प्रतिष्ठानमा आवेदन दिन यो सूचना गरिएको छ ।

**तालिमको विवरण** :

| सि. नं | तालिमका विषयहरु | तालिमको अवधि | न्युनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | प्रशिक्षार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ब्युटिसियन (एड्भान्स) | १९५ घण्टा | कक्षा ८ उत्तीर्ण | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, बुटवल | २० | |
| २ | सिलाइ कटाइ आधारभुत | ३९० घण्टा | कक्षा ८ उत्तीर्ण | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, बुटवल | ४० | |
| ३ | विद्युत जडान एड्भान्स | १९५ घण्टा | कक्षा ८ उत्तीर्ण | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, बुटवल | २० | एड्भान्सको लागि आधारभूत तह उत्तिर्ण गरेको हुनुपर्ने । |
| ४ | प्लम्बिङ्ग | ३९० घण्टा | कक्षा ८ उत्तीर्ण | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, बुटवल | २० | |
| ५ | केयर गिभर | ३९० घण्टा | कक्षा ८ उत्तीर्ण | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, बुटवल | २० | |

**तालिम लिन इच्छुक उम्मेदवारहरूले पालना गर्नुपर्ने शर्तहरू:**

- प्रशिक्षार्थी आवेदन फाराममा फोटो र रु.१० को टिकट टाँसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी राखी २०८०।५।१५ गते सम्म (सो दिन बिदा परेमा भोलि पल्ट) कार्यालय समय भित्र पेश गर्नुपर्नेछ ।
- दलित, अपाङ्ग, शहिद परिवार, विपन्न, द्वन्द पिडित, मधेसी, मुस्लीम एवं एकल महिलालाई प्राथमिकता दिइनेछ ।
- तालिम लिन इच्छुक उम्मेदवारको उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।
- प्रशिक्षार्थीको छनोट अन्तर्वार्ताबाट गरिनेछ । छनौटको सूचना अन्तरवार्ता समितिले गरेको निर्णय अनुसार प्रतिष्ठानको सूचना पाटी र वेव साइट www.vstbutwal.gov.np मा प्रकाशित गरिनेछ ।
- तालिमको लागि छनौट भएका प्रशिक्षार्थीहरुले प्रतिष्ठानले तोकेको मितिबाट सहभागी हुनुपर्नेछ ।
- सहभागी आफैले बस्ने खाने व्यवस्था गर्नु पर्नेछ ।
- कुनै कारणबस तालिम सञ्चालन हुन नसकेमा वा स्थगित भएमा पुनः तालिम सञ्चालन गर्न वा तालिम रद्ध गर्न सकिनेछ ।
- तालिमको लागि छनौट भइ मनासिव कारण बेगर तालिम छोडेमा निजको अभिलेख राखि भविश्यमा यस प्रतिष्ठानबाट सञ्चालन हुने कुनै तालिममा सहभागी गराइने छैन ।
- तालिम आवेदन फारम प्रतिष्ठानको कार्यालयबाट उपलब्ध हुनेछ ।
- थप जानकारीको लागि यस प्रतिष्ठानको फोन नं. ०७१-५३०१३८ मा सम्पर्क गर्न सक्नुहुने छ ।